स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतीक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निश्चल बस्नेतले ६ वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म 'दिमाग खराब'ले तिहारको छेको पारेर कात्तिक २४ गतेबाट प्रदर्शन थालेको थियो । नेपालमा छैटौं हप्तामा प्रदर्शनरत 'दिमाग खराब'को यतिबेला अष्ट्रेलियामा राम्रो क्रेज देखिएको छ । विभिन्न शहरहरुमा दर्जनौं शो भैसकेका छन् । र, हरेक शोमा दर्शक उपस्थिति उल्लेख्य छ । यतिबेला निर्देशक बस्नेत र अभिनेत्री स्वस्तिमा खड्का अष्ट्रेलियामा नै छन् । त्यहाँ उनीहरुले दर्शकहरुसँग भेटघाट गरिरहेका छन् ।

**आजको विचार...**



नेताज्यू...

*(दुई पेजमा)*

डा. अतीन्द्र दाहाल

नेपाली कलाकारहरु एकआपसमा मिलेर काम गर्दैनन् भन्ने भाष्यलाई तोड्दै फिल्म 'पूजार सार्की'मा अहिलेका तीन स्टार नायकहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहले पहिलोपटक एकसाथ काम गर्दैछन् । सम्भवतः एक दशकपछि चलेका नायकहरुबीच यसप्रकारको समीकरण भएको हो । यसले फिल्म क्षेत्रलाई नै सन्देश दिएको छ । यो फिल्मलाई दिनेश राउतले निर्देशन गर्दैछन् । आर्यन, प्रदीप र पल 'कमर्शियल हिरो' मानिन्छन् । तर, 'पूजार सार्की' नामले भने 'नन् कमर्शियल'सुनिन्छ । यसले गर्दा फिल्मप्रति धेरैमा चासो र कौतुहलता देखिएको छ ।



❑ वर्ष २९ ❑ अंक १४२ ❑ २०८० पुस ४ गते बुधबार 20 December 2023, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आज बुधाष्टमी व्रत

**पाल्पा,** पुस ३/आज बुधाष्टमी व्रत । बुधाष्टमी व्रतका दिन बिशेषत भगवान शिव पार्वतीको अर्चना गर्ने चलन रहेको छ । यस दिनको व्रतको विशेष महत्व रहेको छ । बुधवारको दिन अष्टमी पर्न गएमा एउटा अलौकिक र महत्वपूर्ण तिथिको समायोजन हुन्छ जसलाई हामी बुधाष्ठमी भन्दछौँ ।

हिन्दू धर्म ग्रन्थमा उल्लेख व्रत संस्कार मध्ये एक बुधाष्टमी शुक्ल अष्टमीमा पर्ने बुधवारका दिन पर्ने गर्दछ । यस दिन व्रत बस्नाले मृत्यूपछि नर्क जानु नपर्ने मान्यता छ । आजका दिन बुध ग्रहसमक्ष भक्तहरुले आृना भावना र कामनाहरु राख्ने चलन हुन्छ । यस अर्थमा पनि यो दिनलाई बुधाष्टमी भनिएको हुनसक्छ । यस दिन बुध ग्रहलाई विशेष नैवेध अर्पण गरिन्छ । साथै पूजा सकिएपछि मात्र यि नैवेधहरु लगायत प्रसादीहरु वितरण गर्न र भोजन गर्न दिइन्छ ।

यसका अलावा भगवान बुद्धको धातुमा अकिंत प्रतिमामा पनि अर्चना गर्ने चलन पनि आजका दिनमा पाइन्छ । बुद्ध अष्ठमी व्रतका महिमाहरु ब्रह्माण्ड पुराणमा पाइन्छ । बुध ग्रहको दोष भएका मान्छेहरुकालागि यस दिनको व्रतले विशेष फल दिने धार्मीक मान्यता छ । बुध ग्रहको दोष भएका मान्छेहरूका लागि यस दिन विशेष फल दिने दिन रहन्छ ।

### 'नगरकी छोरी' कार्यक्रम

# छोरी जन्मिए बैंक खातामा पाँच हजार

***नगरपालिकाले छोरीको नाममा खोलिदिएको खातामा रहेको रकम १८ वर्ष उमेर नपुग्दासम्म झिक्न पाईंदैन । यस्तो कार्यक्रमले विशेषगरी छोरीलाई प्रोत्साहन र हौसला दिनका लागि बढी महत्वपूर्ण हुने विश्वास लिइएको छ ।***

**रासस**

**वालिङ (स्याङ्जा),** पुस ३/स्याङ्जाको गल्याङ नगरपालिकाले आफ्नो नगरभित्र छोरी जन्मिए बैंक खाता खोली नगद पाँच हजार जम्मा गरिदिने कार्यक्रम सुरुआत गरेको छ । चालु आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम तथा बजेट विनियोजन गरी उसले 'नगरकी छोरी' कार्यक्रम कार्यान्वयनमा ल्याएको हो ।

गल्याङभित्रका एघार वडामा चालु आर्थिक वर्षमा जन्मिएका छोरीहरूको नाममा गल्याङस्थित गरिमा विकास बैंकमा खाता खोलिदिने र सो खातामा नगद पाँच हजार नगरपालिकाले जम्मा गरिदिने उपप्रमुख हेमा न्यौपानेले जानकारी दिइन् । 'नगरपालिकाले छोरीहरूको प्रोत्साहनका लागि 'नगरकी छोरी' कार्यक्रम सञ्चालन गरेका हौँ', उनले भनिन्, 'चालु आर्थिक वर्षबाट सुरु भएको यो कार्यक्रमलाई अब निरन्तरता दिँदै जाने छौँ ।' छोरी जन्मिनासाथै जनप्रतिनिधि, नगर तथा बैंकका कर्मचारी घरमै पुगेर प्रक्रिया पूरा गरी छोरीको नाममा बैंक खाता खोलिदिएको उनले बताइन् । बिहीबार गल्याङ–३ स्थित एक दलित समुदायकी सुत्केरी आमाले छैटौँ छोरीका रूपमा जन्मदिएकी नवजात शिशुको नाममा खाता खोलेर 'नगरकी छोरी' कार्यक्रमको थालनी भएको हो । 'हाम्रो गाउँ समाजमा छोराछोरीप्रतिको विभेद न्यूनीकरण हुँदै गए पनि आंशिकरूपमा कायमै छ', उपप्रमुख न्यौपानेले भनिन्, 'नगरपालिकाले सुरु गरेको 'नगरकी छोरी' कार्यक्रम विशेषगरी छोरीलाई प्रोत्साहन र हौसला दिनका लागि बढी महत्वपूर्ण हुने विश्वास लिएका छौँ ।' नगरपालिकाले छोरीको नाममा खोलिदिएको खातामा रहेको रकम १८ वर्ष उमेर नपुग्दासम्म झिक्न पाइँदैन । छोरी जन्मिएसँगै बचत गर्ने बानीको विकास गर्न उत्प्रेरित गरेको उनले बताइन् । 'नगरपालिकाले सुरुमा खाता खोलेर रकम जम्मा गरिदिन्छ, पछिका दिनमा छोरीको नाममा घरपरिवारले थप रकम जम्मा गरिदिँदै जाँदा १८ वर्षमा ठूलो रकम प्राप्त हुन्छ', उनले भनिन्, 'तत्काल छोरीको प्रोत्साहनका लागि भए पनि पछि गएर आर्थिकरूपमा पनि सवलता तर्फ लैजान्छ ।' नगरपालिकामा 'उपप्रमुखसँग सुत्केरी पोषिलो झोला कार्यक्रम' र 'गर्भवतीलाई अण्डा वितरण' कार्यक्रम सञ्चालनमा छन् ।



# एनसेल खरिद– बिक्री प्रकरण : सर्वोच्चद्वारा कारण देखाउ आदेश

**पाल्पा,** पुस ३/एनसेलको शेयर खरिदबिक्री भएको विषयमा दायर भएको रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ । न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले रिटमा कारण देखाउ आदेश जारी गर्दै दुवै पक्षलाई छलफलका लागि पुस १६ गते बोलाउने आदेश दिएको हो ।



गत मंसिर २० गते प्रतिनिधिसभाका स्वतन्त्र उम्मेदवार अमरेश सिंहले एनसेलको सेयर स्वामित्व खरिद बिक्री रोक्न माग गर्दै सर्वोच्चमा रिट दिएका थिए । उक्त दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश राउतले यस्तो आदेश दिएका हुन् । सांसद सिंहले रिटमा नेपालको नियम, कानुनको पालना नगरी कर छल्ने उद्देश्यले निकै कम मूल्यमा ८० प्रतिशत सेयर बिक्री गर्न भएको सम्झौतालाई मान्यता नदिन परमादेशको माग गरिएको छ । नेपालको नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा गरिएको सेयर कारोबारको वैधानिकता उत्प्रेषणको आदेशले बदर गर्न समेत रिटमा माग गरिएको छ । आजियाटा र स्पेक्ट्रलाइट यूके लिमिटेडबीच कारोबार अपारदर्शी भएको र एनसेलको अनुमतिपत्र रहुन्जेलसम्म आजियाटाले एनसेलको आम्दानी लैजाने गरी सेयर खरिदबिक्रीको सम्झौता भएको दाबी रिट निवेदनमा गरिएको छ । एनसेल कम्पनीको सेयरबिक्रीमा विधिको शासनलाई चुनौती भएको उल्लेख गर्दै रिटमा अहिलेसम्मकै सबैभन्दा ठूलो भ्रष्टाचार काण्ड भएको जिकिर गरिएको छ । मलेसियाको कम्पनी आजियाटाले आफूसँग भएको एनसेलको ८० प्रतिशत स्वामित्व बेचेको सार्वनजिक भएपछि विवाद सुरू भएको हो ।

**'कानुनविपरीत पाइए कारबाही हुन्छ'**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एनसेलको सेयर खरिदबिक्रीका क्रममा अनुसन्धानबाट कानुनविपरीत भएको पाइए हदैसम्म कारबाही हुने प्रतिवद्धता जनाएका छन् । प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा प्रधानमन्त्री दाहालले एनसेल सेयर खरिद-बिक्री कानुनविपरीत पाइए हदैसम्म कारबाही हुने बताएका हुन् । एनसेलको सेयर खरिदबिक्रीका क्रममा कानुनविपरीत गतिविधि भएको पाइएकाले छानबिन समिति गठन गरिएको बताए । छानबिन समितिबाट देखिएका निष्कर्षका आधारमा सरकारले हदैसम्मको कारबाही गर्ने पनि उनले स्पष्ट पारे ।

**स्वीकृति नदिन निर्देशन**

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले एनसेल छानबिन समितिको प्रतिवेदन नआउन्जेल यसको सेयर कारोबारमा कुनै स्वीकृति र सहमति नदिन सरकारलाई निर्देशन दिएको छ । मंगलबारको छलफलपछि समितिले यस्तो निर्देशन दिएको हो । समितिले सेयर खरिद बिक्री सम्बन्धी अध्ययन तथा छानबिन समिति- २०८० को प्रतिवेदनलाई समेत आधार लिई प्रचलित कानुनबमोजिम राज्यलाई तिर्नुपर्ने वा बुझाउनुपर्ने कर/गैरकर रकम एनसेलबाट असूल उपर गर्न पनि समितिले निर्देशन दिएको छ ।...

**बाँकी अन्तिम पेजमा**

## प्रदुषण रोकौं, स्वस्थ बनौं ।

**वातावरण प्रदुषणका कारणहरु :**

- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोत साधनको जथाभावी उत्खनन,
- जथाभावी फोहर विसर्जन,
- प्रदुषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वन-जङ्गलको विनाश,
- प्लाष्टिकको प्रयोग,
- प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु,

यस्ता कार्य नगरौं/नगराऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## प्याजमा भएको अस्वाभाविक मूल्य नियन्त्रण गर

भारतले प्याज निर्यातमा बन्देज लगाउने निर्णय गरेसँगै नेपाली बजारमा मूल्य अचाक्ली बढेको छ । दुई साताअघि खुद्रामा प्रतिकिलो एक सय ५० रुपैयाँसम्ममा प्याज खरिद गरेका उपभोक्ताले अहिले एक सय ५० रुपैयाँभन्दा बढी तिर्नुपरिरहेको छ । भारतबाटै निर्यात बन्द गरिएपछि व्यापारीले मनपरी प्याजको भाउ ह्वात्तै बढाएका हुन् । यसले आम उपभोक्ताको भान्सा थप महँगिएको छ । कुनै ठूलो चाडबाड होस् या अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि वा निर्यातमा रोक–सानो बहाना पाउनु हुन्न, नेपाली व्यापारी–व्यवसायीहरू जेमा पनि भाउ बढाइहाल्छन् । अहिले त भारतले नै प्याजमा निर्यात रोक्यो जुन नेपाली व्यापारीका निम्ती मौकामा चौका हान्ने राम्रै बहाना बनेको देखिन्छ ।

दिनप्रतिदिन अकाँसिदो महँगीले उपभोक्ताको ढाड नराम्रोसित सेकिरहेको छ । तै पनि सरकार भने यस प्रति पूरै बेसरोकार देखिन्छ । स्वाभाविक सीमाभन्दा बढी मूल्य वृद्धि हुन नदिने आफ्नो दायित्वलाई सरकारले भुलेको छ । यो अत्यन्त दुःखद् हो । सम्भावना भएर पनि मुलुक प्याजमा आत्मनिर्भर बन्न नसक्दा नेपाली उपभोक्ताले आयातित प्याजमा भर पर्नुपर्ने बाध्यता छ । जसका कारण पनि नेपालीले महँगो मूल्यमा प्याज खरिद गर्नु परेको छ । सरकारले प्याजमा आत्मनिर्भर बन्ने कार्यक्रम नल्याएको होइन, तर त्यसमा देखिएका कमजोरीलाई सच्याएर अघि बढ्ने तत्परता नदेखाइँदा ठूलो हिंसा आयातित प्याजले ओगटिरहेको छ । यसतर्फ नेपाल सरकारलाई भने निकट भविष्यको मात्र होइन, अहिले बजारमा अकासिइरहेको महँगीको समेत कति पनि पर्वाह देखिँदैन । स्टक रहेको प्याजमा समेत व्यापारीहरुले महँगो मूल्य लिने गरेका छन् । बजारमा व्यापारीहरुले मनपरी रुपमा प्याजको भाउ बढाउँदा समेत अनुगमनको अख्तियारी पाएका निकायहरु नै मौन बस्ने गरेका छन् । यसतर्फ सरकारको ध्यान जान आवश्यक छ । मनपरी रुपमा मूल्य वृद्धि गर्ने व्यापारीहरुको अनुगमन गरी उनीहरुलाई कारवाहीको दायरामा नल्याउने हो भने आम उपभोक्ताहरुले सधै भरी महँगीको सामना गर्नुपर्छ । तसर्थ सरकार र सम्बन्धित निकायले अस्वाभाविक मूल्य नियन्त्रण गर्ने विषयमा तदारुकता देखाउन जरुरी छ ।

## Opinion @ Social Network

कसैसँग प्रेम गर्दैछौं भने एउटा कुरा याद राख,
हाँस्दा त सँगै हाँसौला तर रुदाँ चाहिँ एक्लै रुन पर्छ ।
(कुस्मा थापाको फेसबुक स्टाटसबाट *www.facebook.com/Kushma.Thapa.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेताज्यू, अझै कति बिग्रियोस् देश ?



डा. अतीन्द्र दाहाल

देशमा धेरैपटक क्रान्ति भए, नयाँ संविधान लेखिए, व्यवस्था बदलियो । सोचे/नसोचेका अनेकन् कुरा भए, केवल एउटै मात्र काम भएन–त्यो हो जनअपेक्षित विकास । विकास र प्रगति हरेक देश तथा जनताको स्वाभाविक आशा हो । यो स्वयंसिद्ध एवं प्राकृतिक नागरिक अधिकार समेत हो । प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्थामा जनताका प्रतिनिधि अथवा नेतृत्वले यो अभिभारा पूरा गर्नुपर्छ । नेताहरूले हामी देशलाई सिंगापुर अथवा स्विट्जरल्याण्ड बनाउँछौं भन्दै भाषणबाजी गरेका ध्वनिका तरंग आम नागरिकको कानमा अहिले पनि गुञ्जिरहेको छ । तर नागरिकको आशा, देशको वास्तविक तथा वस्तुगत अवस्था अनि नेताहरूको भाषणचाहिं 'हामी नदीका दुई किनारा' भन्ने गीत जस्तै छ । देशको विकास भएको छ कि छैन ? देश बस्न लायक छ कि छैन ? विदेश जानेहरूको लर्को किन बढेको छ ? निकट भविष्यमा देशको अवस्था सहजता अथवा असहजता उन्मुख के हुन्छ ? सर्वहाराका नेता भनिनेहरूको जीवनशैली र रवाफ कस्तो छ ? यी प्रश्नहरूले आम मानसपटल र भविष्यउन्मुख हरेक व्यक्तिलाई पिरोलेको छ । नागरिकमा सरकारप्रति भरोसा छैन । भ्रष्टाचार गरेको छैन भनेर कोही कुनै ओहोदामा बसेको मानिसले भन्छ भने उसप्रति विश्वास जाग्दैन । अहिलेकै नेताबाट देश विकासको आशा रत्नपार्कको भित्तामा बसेको ज्योतिषको भविष्यवाणीमाथिको भरोसा जस्तै हो । उनीहरू स्वयंको भविष्य सबल भएको भए सार्वजनिक पेटीमा बस्नु नै पर्दैनथ्यो । देशमै बसेर केही गर्नुपर्छ भन्ने विश्वास र संकल्प बोकेको मानिसलाई कुनै काम दिएर सरकारी अफिसमा पठाइदिएपछि बेलुका फर्कंदा ऊ यो देशमा बसेर काम छैन भन्ने सोच निर्माण गरेर आउँछ । सेवाप्रवाह र सेवाग्राही माथिको सरोकारवाला निकाय अनि नियामक व्यक्तिको आचरण तथा सोच नोकरशाही पद्धतिको छ । स्थानीय निकायमा जनप्रतिनिधि भएपछि सहज र उच्च गतिमा काम हुन्छन् भन्ने आशा थियो । तर अख्तियारमा परेका भ्रष्टाचारजन्य उजुरीमध्ये सबैभन्दा अधिक चाहिं स्थानीय निकायसँग सम्बन्धित रहेको तथ्यांक देखिन्छ । अधिकांश स्थानीय निकायका जनप्रतिनिधि आफू सहज र स्वार्थ मिल्ने कार्यकारी अधिकृत खोज्न संघसँग साक्षात्कार गरिरहेका समाचार प्रकाशित भएका छन् ।

हालसालै एक विदेशी लेखक हेलेन थोम्पसनले 'डिसअर्डर : हार्ड टाइम्स फर ट्वान्टीफस्ट सेन्चुरी' पुस्तक लेखे । उनका अनुसार भूराजनीतिक असहजता, आर्थिक अधोगति र लोकतन्त्रीय निष्प्रभाविता अहिले कुनै पनि देश असफलता उन्मुख हुने प्रधान आधार हुन् । हाम्रो अवस्थालाई नियाल्दा यी तीनवटै कुरामा हामी अग्र श्रेणीमा नै छौं जस्तो देखिन्छ । चिया गफ र सार्वजनिक खपतका लागि गरिने उत्तेजक भाषणबाहेक नेतृत्वसँग देशको विकास गर्ने सोच, योजना, रणनीति के छ ? तर केही दल र नेताचाहिं बाटामा लखरलखर हिंडेर समृद्धि आउँछ भन्दै स्यालहुइँयामा पनि छन् ।

*देशमै बसेर केही गर्नुपर्छ भन्ने विश्वास र संकल्प बोकेको मानिसलाई कुनै काम दिएर सरकारी अफिसमा पठाइदिएपछि बेलुका फर्कंदा ऊ यो देशमा बसेर काम छैन भन्ने सोच निर्माण गरेर आउँछ । सेवाप्रवाह र सेवाग्राही माथिको सरोकारवाला निकाय अनि नियामक व्यक्तिको आचरण तथा सोच नोकरशाही पद्धतिको छ । स्थानीय निकायमा जनप्रतिनिधि भएपछि सहज र उच्च गतिमा काम हुन्छन् भन्ने आशा थियो । तर अख्तियारमा परेका भ्रष्टाचारजन्य उजुरीमध्ये सबैभन्दा अधिक चाहिं स्थानीय निकायसँग सम्बन्धित रहेको तथ्यांक देखिन्छ । अधिकांश स्थानीय निकायका जनप्रतिनिधि आफू सहज र स्वार्थ मिल्ने कार्यकारी अधिकृत खोज्न संघसँग साक्षात्कार गरिरहेका समाचार प्रकाशित भएका छन् । हालसालै एक विदेशी लेखक हेलेन थोम्पसनले 'डिसअर्डर : हार्ड टाइम्स फर ट्वान्टीफस्ट सेन्चुरी' पुस्तक लेखे । उनका अनुसार भूराजनीतिक असहजता, आर्थिक अधोगति र लोकतन्त्रीय निष्प्रभाविता अहिले कुनै पनि देश असफलता उन्मुख हुने प्रधान आधार हुन् । हाम्रो अवस्थालाई नियाल्दा यी तीनवटै कुरामा हामी अग्र श्रेणीमा नै छौं जस्तो देखिन्छ । चिया गफ र सार्वजनिक खपतका लागि गरिने उत्तेजक भाषणबाहेक नेतृत्वसँग देशको विकास गर्ने सोच, योजना, रणनीति के छ ? तर केही दल र नेताचाहिं बाटामा लखरलखर हिंडेर समृद्धि आउँछ भन्दै स्यालहुइँयामा पनि छन् ।*

राजनीति हैन, आर्थिक नीति र सबलता प्रमुख हो । पछिल्लो ५० वर्षमा चीन किन उदीयमान शक्ति भयो । युरोप र अमेरिका किन कमजोर हुँदैछन् । यी दुवै ध्रुवमा राजनीतिक प्रणाली र परिस्थिति फेरिएको छैन । तर आर्थिक अवस्थामा भीमकाय परिवर्तनहरू आए । अहिले भूराजनीति (जिओपोलिटिक्स्) भन्दा भूअर्थनीति (जिओइकोनोमिक्स्) मुख्य पक्ष हो । निकोलस मुल्दरको पुस्तक 'द इकोनोमिक वेपन'ले यसलाई राम्रो गरी विश्लेषण गर्दछ, अहिलेको शक्ति भनेकै आर्थिक शक्ति हो । उत्पादन, आत्मनिर्भरता अनि निर्यातमा हामी अति धेरै जीर्ण भइसक्यौं । तत्काल वा केही दशकसम्म पनि यो अवस्थालाई सन्तुलित गर्न सकिंदैन । सार्वजनिक ऋण २३ खर्बभन्दा बढी भएको तथ्यांक छ । व्यापार घाटा र असन्तुलन ९० प्रतिशत भन्दा बढी छ । प्राचीन इतिहास पल्टाएर हेर्दा भोटसम्म हाम्रो व्यापार नियन्त्रण थियो । भोटमा नेपालमा मुद्रण गरिएका सिक्का चल्थ्यो । रेशमीमार्ग मार्फत नेपालले विश्वलाई जोडेको थियो । प्रथम तथा द्वितीय विश्वयुद्धमा नेपालले बेलायतलाई आर्थिक सहायता समेत प्रदान गरेको थियो । केही दशक अगाडि हामी लगभग अधिकांश कुरामा आत्मनिर्भर थियौं । आज उच्च व्यापार घाटा भएको अनि विदेशी सहयोग र विप्रेषण प्रधान अर्थचरित्र भएको देशमा परिणत भएका छौं । हामी पैसाले पैसा कमाउने दलाल पूँजीवाद अथवा वित्तीय पूँजीवादको दुष्चक्रमा फसेका छौं । उत्पादन मार्फत सामर्थ्य बढाउने हैन, पैसा संग्रह र संरक्षण गरेर केवल सट्टापट्टा गर्ने अथवा ओसारपसार गर्नेमा मात्र केन्द्रित छौं । अनुत्पादक क्षेत्रमा पैसा लगानी गर्ने र त्यसैको भाउ बढाएर नाफा लिने आदतमा हाम्रो अर्थतन्त्र नराम्ररी भत्किंदैछ । फलस्वरूप हामी दक्षिणएशियाकै गरिब देशको नयाँ परिचय बनाउने क्रममा छौं । तर सिंगापुर र स्विट्जरल्याण्ड बनाउने भन्ने नेताहरू कानमा तेल हालेर स्व-प्रशंसाको पुलिन्दा बोक्दै दौडिरहेका छन् । जसरी पनि फाइदा अथवा नाफा आफूमा केन्द्रित गर्ने 'रेन्ट सिकिंग एटिच्युड' र अनि पैसाको भण्डार थुपार्ने 'क्रोनी क्यापिटालिज्म' हाम्रा नेताहरूको आधारभूत चरित्र बन्यो । तसर्थ आज अधिकांश नेता अधिक धनी, पूर्ण विलासी छन् तर जनता सामान्य दैनिकी चलाउन विदेशिनुपर्ने अवस्था छ ।

हाम्रा दुवै छिमेकीले पछिल्लो केही दशकमा अपार आर्थिक प्रगति गरे । चीनले 'बेल्ट एण्ड रोड इनिसिएटिभ' र भारतले 'एशिया अफ्रिका ग्रोथ करिडोर' अनि 'नर्थसाउथ ट्रेड रिजन' जस्ता आक्रामक योजना निर्माण र लागू गरे । एशियाका थुप्रै अरू देशहरू किटन इकोनोमी (सानो अर्थतन्त्र) बाट टाइटर अथवा ड्रागन इकोनोमी ( अधिक गतिका वृद्धिदर भएका) अर्थतन्त्र भए । विकास प्रजातन्त्र नै आजको प्रजातन्त्रको प्रमुख शोभा हो । जनतालाई सहज, सरल, गुणस्तरीय जीवनयापनको वातावरण नबन्ने प्रजातन्त्र के काम ? नागरिकलाई प्रजातन्त्र नामका लागि होइन, कामका लागि चाहिएको हो । तर परिणाम के आयो त ? कुनै बेला भारतले नेपालका राष्ट्राध्यक्षलाई आफ्नो स्वतन्त्रता दिवसको विशेष समारोहको प्रमुख अतिथि बोलाउँथ्यो ।

आज ऊ अमेरिकाको राष्ट्राध्यक्ष बोलाउँछ । भर्खरै महत्वपूर्ण 'जी ट्वान्टी' सम्मेलन पनि सम्पन्न गर्योरु । हाम्रा सरकार प्रमुखहरू त्यहाँ जाँदा राज्यमन्त्री अथवा सहायकमन्त्री स्वागतमा आउँछन् । देशले आर्थिक हैसियतसँगै राजनीतिक कद समेत गुमाइरहेको स्पष्ट देखिन्छ । दातृ निकाय र वैदेशिक सहयोग बाहेक कुनै विशेष योजना तथा परियोजना सम्पन्न हुनु त कोरा कल्पना जस्तो भइसक्यो । राजनीतिक परिवर्तनको कुनै कालखण्डमा विदेशी हस्तक्षेप मुर्दावाद भनेर नारा लेख्ने प्रचलन निकै प्रिय थियो । अहिले त यस्तो नारा लेख्ने इनामेल, ब्रस र पेन्टर समेत विदेशबाट नै ल्याउनुपर्छ । विदेशले पठाएन भने, त्यो लेख्न पनि हैसियत हुँदैन । अब कति बिग्रिएपछि चाहिं नेतृत्वको मन बिझाउँछ, सोच परिवर्तन हुन्छ ? आफू र परिवारको लागि टन्न संकलन गरेपछि किन र कसका लागि देश बनाउनुपर्‍यो भन्ने सोच हावी भएको त हैन, नेताज्यू ? नेताज्यू, देश यहाँभन्दा बिग्रन केही बाँकी छ र ?

**-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम विगर्ने छ । नियमित खर्चसमेत बढ्ने योग छ । | **तुला** : मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । प्रेम सफल रहनेछ । |
| **वृष** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । भाग्यले साथ दिनेछ । | **वृश्चिक** : लाभदायी यात्रा हुनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **मिथुन** : विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । समाजसेवामा मन लाग्नेछ । | **धनु** : अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । अल्छीपना पनि बढ्नेछ । |
| **कर्कट** : नयाँ कार्यको थालनी हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ । | **मकर** : ताकेको कार्य पुरा होला । प्रेमसम्बन्ध लागि श्रेष्ठ समय रहेको छ । |
| **सिंह** : मन कमजोर रहला । शिक्षामा अवरोध आउनसक्छ । | **कुम्भ** : लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । स्वादिष्ट भोजन पाईनेछ । |
| **कन्या** : मित्रवर्गको सहयोग पाइने नै छ । टाढाको यात्राको सम्भावना समेत छ । | **मीन** : लक्ष्य पहिल्याउन सकिनेछ । समाज सेवामा मन लाग्नेछ । |

मनोरञ्जन

# सुदर्शनसँग फिल्म गर्ने तयारीमा प्रदीप




नेपाली फिल्म क्षेत्रमा सबैभन्दा बढी सम्बन्ध बिग्रिएको अभिनेताको रुपमा प्रदीप खड्कालाई लिइन्छ । 'प्रेमगीत'पछि सुदर्शन थापा र पूजा शर्मासँग, 'लिलिबिली'पछि निर्देशक मिलन चाम्ससँग र 'रोज'पछि निर्देशक निरक पौडेलसँग उनको सम्बन्ध चिसियो ।

भुवन केसी र अनमोल केसीसँग पनि वार छ । फिल्ममा राजनीति बढी गर्ने भएकाले प्रदीपको मेकरसँग सम्बन्ध बिग्रने गरेको बताइन्छ । अब भने उनी फुटेर नभइ जुटेर अगाडि बढ्नुपर्छ भन्ने निष्कर्षमा पुगेका छन् । यसैले उनी बिग्रिएको सम्बन्ध सुधार गर्न लागिपरेका छन् । सम्भवत: यसको सुरुवात निर्देशक सुदर्शन थापाबाट हुन सक्नेछ । उनी सुदर्शनको फिल्ममा काम गर्न तयार देखिएका छन् । प्रदीप स्वयंले एक टेलिभिजन अन्तर्वार्ताको क्रममा सुदर्शन थापासँग चाँडै एउटा फिल्ममा सहकार्य हुन सक्ने संकेत गरेका छन् । उनले भनेका छन्, 'मलाई सुदर्शन दाईको एउटा फिल्म गर्नु नै छ । डेब्यू गर्दा उहाँले मलाई जसरी विश्वास गर्नुभयो, त्यो हिसाबले दाईसँग अर्को फिल्म गर्दा दर्शकलाई रोमाञ्चक नै हुन्छ होला । दाईसँग फिल्म त गर्ने नै हो तर कुन हुन्छ थाहा छैन ।' 'प्रेमगीत'पछि पनि सुदर्शन थापाले आफूलाई केही फिल्मको प्रस्ताव राखेको भए पनि आफ्नै व्यस्तताले गर्दा नभ्याएको उनले स्मरण गरेका छन् ।

शीर्षक तय नहुँदै 'रावायण' पनि सबैभन्दा पहिला आफूलाई अफर भएको उनले बताएका छन् । त्यसबेला आफू 'कामिनो'मा व्यस्त रहेकाले काम गर्न नपाएको उनको भनाई छ । अनमोल केसीले 'रावायण' छाडेपछि भने यो फिल्मको विषयमा कुराकानी नभएको उनले प्रष्ट पारेका छन् । यद्यपि, एउटा फिल्ममा काम गर्ने भनेर सुदर्शन थापासँग लामो समयदेखि कुरा भैरहेको प्रदीप बताउँछन् । 'रावायण'बाट अफर भएको भन्ने चर्चामा उनी भन्छन्, 'यही फिल्मका लागि भनेर चाहिँ अहिले कुरा भएको छैन ।

सुदर्शन दाईसँग कुनै एउटा फिल्म गर्ने भन्ने कुरा त धेरै अगाडिदेखि भैरहेको थियो । सुदर्शन दाईसँग एउटा फिल्ममा काम गर्छु भन्नेमा चाहिँ म छु । दाईसँग काम गर्न मलाई कहिल्यै समस्या पनि थिएन ।' अरुले छाडेको फिल्म गर्न आफूलाई समस्या नरहेको पनि उनको तर्क छ ।

**-फिल्मीखबर डटकम**

# 'यो मेरो पिरती'मार्फत कमलाको गायनमा डेब्यु



'यो मेरो पिरती' बोलको लोकदोहोरी गीत गाउँदै कमला मगरले गायनमा डेब्यु गरेकी छन् । अहिलेका चर्चित गायक खेम सेञ्चुरीसँग उनले यो गीतमा स्वर दिएकी हुन् । रमेश परियारको शब्द एवं संगीत, कृष्ण केसीको एरेन्ज रहेको गीत गायिका मगर स्वयंमको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । यसको भिडियोमा अभिनेता पुष्प खड्का र कविता नेपालीको नृत्य छ । मौसम हिमालीको कोरियोग्राफी एवं निर्देशन, नवराज उप्रेतीको छायांकन रहेको भिडियोलाई मनोज कार्कीले सम्पादन गरेका हुन् । दुई दिनअघि सार्वजनिक गीतले स्रोता दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । आफ्नो पहिलो कोसेलीका रुपमा आएको गीतलाई दर्शक तथा स्रोताले दिएको सकारात्मक प्रतिक्रियाले खुसी तुल्याएको गायिका मगरले बताएकी छिन् । उनले आफूले यसपछि पनि निरन्तर गीत संगीतमा समय दिने र छिट्टै अर्को गीतको लागी तयारी भइरहेको बताइन् । उनी गोरखा-४ आरुघाटकी हुन् ।

**-लोकान्तर डटकम**


लुम्बिनी प्रदेश सरकार

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

**घरेलु तथा साना उद्योग कार्यालय**

पाल्पा, तानसेन

**व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालनको लागि प्रशिक्षक सुचिकरण गर्ने सम्बन्धि सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८०/०९/०४**

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने व्यवसायिक तथा सीपमूलक तालिम कार्यक्रमका लागि 'व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि,२०८०' को दफा ११(२) बमोजिम योग्यता पुगेका प्रशिक्षक सूचिकरणको लागि मिति २०८०/०८/१८ मा प्रकाशित सूचना बमोजिम प्रशिक्षक सूचिकरण हुन नसकेका तपसिल बमोजिमका तालिमको लागि सोहि कार्यविधिको दफा ११(३) बमोजिम सोहि प्रकृतिको कम्तिमा ३ वटा तालिममा प्रशिक्षकको रुपमा काम गरेका प्रशिक्षकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको ढाँचामा सुचिकरणको लागि कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क.सं. | तालिमको विवरण | तालिम अवधि |
|---|---|---|
| १. | हाते ट्र्याक्टर र पावर टिलर मर्मत तालिम | पाठ्यक्रम/पाठयोजना अनुसार |
| २. | गहुँबालाबाट कम्पोष्ट मल बनाउने तालिम | पाठ्यक्रम/पाठयोजना अनुसार |
| ३. | सेलुन सञ्चालन तालिम | पाठ्यक्रम/पाठयोजना अनुसार |
| ४. | डस्ना बनाउने तालिम | पाठ्यक्रम/पाठयोजना अनुसार |
| ५. | [illegible] बनाउने तालिम | पाठ्यक्रम/पाठयोजना अनुसार |
| ६. | कलम अन्य सामाग्री बनाउने तालिम | पाठ्यक्रम/पाठयोजना अनुसार |
| ७. | कार्यालय तथा अन्य संस्थाबाट प्रारम्भिक तालिम प्राप्त व्यक्तिहरुका लागि मागमा आधारित स्तरोन्नति तालिम | पाठ्यक्रम/पाठयोजना अनुसार |

**नोट :** उल्लेखित कार्यक्रमको सञ्चालन विधि, प्रशिक्षकको योग्यता, आवश्यक कागजात र तालिम सम्बन्धि अन्य मापदण्ड 'व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि,२०८०' बमोजिम हुनेछ जुन मन्त्रालयको वेवसाइट www.moletm.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ । (थप जानकारीको लागी घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको फोन नं.०७५-५२०२३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे)को मो.नं. ९८४७०६७५६४ मा सम्पर्क गर्न सकिनेछ।)

*उद्योग अधिकृत*

*घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा*



**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


# संघर्षको लामो यात्रालाई 'भ्वाइस' मार्फत गन्तव्यमा पुर्‍याउन चाहन्छन् मकर



४० वर्षीय मकरबहादुर योञ्जनले सांगीतिक संघर्षको लामो हिउँद खेपे । शास्त्रीय संगीतको पृष्ठभूमि बोकेका आफूजस्ता गायकका लागि नेपालमा करिअर बनाउन चुनौतीपूर्ण देख्छन् उनी । हुन सक्छ यही कारण भारतमा भाग्य खोज्दै दुई दशक बिताए । टन्नै कन्सर्ट गरे । लामो ग्यापपछि स्वदेश फर्किए ।

'नेपाली संगीतमा इन्ट्री गर्न सजिलो छैन । प्रतिस्पर्धा बढी छ । हामीजस्ता क्लासिकल जनराबाट आएकाका लागि स्कोप कम छ । धेरै संघर्ष गर्नुपर्छ,' आफ्नो सांगीतिक संघर्षबारे उनी भन्छन्, 'नेपालमा लोकपप र दोहोरीगीतको धेरै क्रेज छ । क्लासिकल गीत गाउनेलाई मुस्किल पर्ने रहेछ ।' द भ्वाइस अफ नेपालको सिजन ५ का प्रतिस्पर्धी हुन् मकर । भ्वाइसको जारी सिजनका उनी सबैभन्दा जेठा प्रतिस्पर्धी हुन्, तर उनका लागि उमेर एउटा अंक मात्रै हो । कोच राजेशपायल राईको टिमका प्रतिस्पर्धी मकरलाई पाँचौं सिजनका दाबेदारको रुपमा समेत हेरिएको छ । 'सांगीतिक संघर्ष'को लामो याम भोगेका मकरलाई भ्वाइसको प्रतिस्पर्धा अर्थपूर्ण छ । उनी यो बिन्दुलाई करिअरकै 'युटर्न'को रुपमा व्याख्या गर्छन् । सांगीतिक जीवनमा धेरै चुनौती थिए मकरका । यिनै चुनौतीका बाबजुद उनी भ्वाइसको पाँचौं सिजनमा जोडिए । भ्वाइसकै पूर्वप्रतिस्पर्धी अभिषेक बराइलीको संगतले उनलाई यो प्लाटफर्ममा ल्याइछाड्यो । 'उहाँले भ्वाइस अफ नेपाल उत्कृष्ट प्लाटफर्म हो भन्नुभयो । अनि मैले आवेदन दिएँ अनि छनोट भएँ,' मकरले छनोटका सुरुवाती दिन सम्झिए । अनि अडिसन राउण्ड छिचोल्दै उनी लाइभ राउण्डसम्म आइपुगे । यो राउण्डलाई उनी भ्वाइसकै 'चरम दबाब'को राउण्डको रुपमा अर्थ्याउँछन् । 'किनभने जनताको भोट पनि समेट्नुपर्छ । गीतमा पनि मेहनत गर्नुपर्ने हुन्छ । एकातिर भोट अपील गर्नुपर्‍यो । आफ्नो समुदायको मान्छेसँग जोडिनुपर्‍यो । दुई दिनमा गीतको आउटपुट निकाल्न निकै मेहनत गर्नुपर्ने हुन्छ,' लाइभ राउन्डबारे उनले भने । यस्ता प्लाटफर्मलाई सदुपयोग गर्न सके कलाकार अघि बढ्न सक्ने उनको बुझाइ छ । 'मैले यो रियालिटी शोबारे जति पनि बुझें, बुझ्दै जाँदा गम्भीरतापूर्वक अघि बढ्नुपर्छ भन्ने लागेको छ,' उनी भन्छन्, 'मेरो लागि प्लाटफर्म क्रिएट भएको छ । मेरो एउटा खुट्टा पलायो ।' केही पछि फर्किएर मकरको निकट अतीतलाई हेरौं । सर्लाहीमा जन्मिएका उनको परिवार २०५२ सालमा कञ्चनपुरको पुनर्वास बसाइ सर्‍यो । परिवारमा संगीतको पहिलो पुस्ता हुन् उनी । स्कुल र कलेजदेखि मीठो गाउने उनको परिवार आर्थिक रुपमा कमजोर थियो । घरबाट संगीतका लागि उनलाई मद्दत मिल्न सकेन । तर उनी संगीतमा करिअर खोज्दै काठमाडौं पसे । संगीत बुझ्दै जाँदा समयले उनलाई भारत पुर्‍यायो । झण्डै दुई दशक भारतका धेरै ठाउँमा अलमलिए । धेरै ठाउँमा लाइभ कन्सर्ट गरे । लामो अन्तरालपछि काठमाडौं फर्किए पनि उनको संघर्षका दिनहरु अझै उस्तै थिए । काठमाडौं आइपुगेर उनले मेलिना राई लगायतका कलाकारसँग केही गीत रेकर्ड गरे । म्युजिक भिडियो निकाले । यही मेसोमा उनलाई भ्वाइसको स्टेजमा प्रतिस्पर्धा गर्ने मौका जुर्‍यो । 'संगीत नेचुरल कुरा रहेछ ।

जोडिन्छु भनेर जोडिएको होइन तर संगीतले यहाँ ल्याइपुर्‍यायो,' उनी भन्छन् । उनले दुई वर्षअघि ल्याएको गीत 'यो माया हो' ठीकठीकै चल्यो । उनीसँग केही गीत तयार छन् जसलाई भ्वाइस सकिएपछि आकार दिने उनको तयारी छ । यो योजनालाई भ्वाइसले सघाउने उनको आशा छ । मकर भन्छन्, 'अब सजिलो भएको छ । अब क्रिएटिभिटीलाई एक्सप्लोर गर्न भ्वाइस अफ नेपालले राम्रो सहयोग गरेको छ ।'

**-अनलाइनखबर डटकम**

# 'पुष्पा' का अभिनेताले स्वीकारे आफ्नो अपराध



अल्लु अर्जुन र रश्मिका मन्दनाको मुख्य भूमिका रहेको फिल्म पुष्पाका 'केशव' अर्थात् अभिनेता जगदीश प्रताप बंदरीलाई प्रहरीले पक्राउ गरेको छ । जुनियर महिला कलाकारको आत्महत्याको मामिलामा प्रहरीले अभिनेता सोधपुछ गरिरहेको थियो । यस क्रममा जगदीशले आफूमाथिको अभियोग स्वीकार गरेसँगै उनलाई प्रहरीले पक्राउ गरेको हो । महिलाले नोभेम्बर २९ मा आत्महत्या गरेकी थिइन् ।

यो मामिलाको छानबिनका क्रममा प्रहरीले जगदीशलाई डिसेम्बर ६ मा हिरासतमा लिएका थिए । सुकुमारको निर्देशनमा बनेको ब्लकबष्टर प्यान इन्डिया एक्सन ड्रामा 'पुष्पा-द राइज'मा जगदीशले अल्लु अर्जुनको साथी केशवको भूमिका निर्वाह गरेका थिए । यो फिल्ममा उनको पात्रलाई दर्शकले निकै रुचाएका थिए । नोभेम्बर २९ मा एक महिला जुनियर आर्टिस्टले पासो लगाएर आत्महत्या गरिन् । यो घटनापछि महिलाको पिताले प्रहरीमा जाहेरी दिए । छानबिनको क्रममा जगदीशले निजी अन्तरङ्ग फोटोहरू देखाएर महिलालाई ब्यलाकमेल गर्ने गरेको खुलासा भयो । ब्ल्याकमेल सहन नसकेर महिलाले आत्महत्या गरेकी थिइन् । जगदीशले अर्को व्यक्तिसँग मिलेर लुकेर महिलाको फोटो खिचेका थिए । पुछताछका क्रममा उनले आफूले गरेको अपराध स्वीकारे ।

आफूले गलत आशयले महिलाको तस्बिर खिचेको उनले प्रहरीलाई बताए । तस्बिर सार्वजनिक गरिदिन्छु भन्दै आफूले महिलालाई धम्क्याएको पनि उनले बताएका थिए । ती महिलालाई जगदीशले एकतर्फी रूपमा प्रेम गर्थे । तर महिला अरू कसैको प्रेममा थिइन् । आफूले मन पराएको महिला अरूको साथमा देख्दा आफू ईर्ष्याले जलेको अनि यस्तो हरकत गरेको अभिनेताले स्वीकार गरेका छन् । पुष्पा-२ मा जगदीशको राम्रै भूमिका छ । अहिले फिल्मको सुटिङ चलिरहेको छ । यो घटनापछि फिल्ममा उनले खेलेको पात्र अब कसले खेल्छ भन्ने प्रश्न उठिरहेको छ ।

**-रातोपाटी डटकम**

# वाणिज्य बैंकहरुले घटाए निक्षेपको ब्याज




**पाल्पा,** पुस ३/पुस लागेसँगै वाणिज्य बैंकहरूको निक्षेपको ब्याजदर घटाएका छन् । उनीहरुले अघिल्लो महिनाको भन्दा औसत ०.६२ प्रतिशत बिन्दुले ब्याज घटाएका हुन् । वाणिज्य बैंकहरूले प्रकाशन गरेअनुसार दुई बाहेक सबै बैंकहरूको पुसको ब्याजदर मंसिर महिनाको भन्दा कम छ ।

प्रभु र सानिमा बैंकले भने अघिल्लो महिनाकै दरलाई निरन्तरता दिएको देखिन्छ । प्राइम कमर्सियल बाहेक बैंकहरूको निक्षेपको नयाँ ब्याजदर एकल अंकमा कायम भएको छ । गत असोजमा दोहोरो अंकमा रहेको निक्षेपको ब्याजदर यसपछिका महिनामा क्रमश: घट्दै गएको छ । सो महिना औसत ब्याजदर नै १० प्रतिशत माथि थियो । जुन पुस महिनासम्म आइपुग्दा घटेर ८.९९ प्रतिशतमा सीमित भएको छ । मंसिर महिनामा यस्तो दर ९.६१ प्रतिशत थियो । सबैभन्दा बढी ब्याजदर निर्धारण गरेको प्राइम बैंकले अधिकतम १० प्रतिशतसम्म ब्याज दिने भएको छ । ब्याजदर घटाउनेमा एभरेस्ट र हिमालयन बैंक अगाडि छन् । मंसिरमा ९ प्रतिशत ब्याज दिएको एभरेस्टले घटाएर ८ प्रतिशतमा सीमित राखेको छ । पुसमा बैंकहरूको व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर १० प्रतिशत र न्यूनतम ८ प्रतिशत छ ।

बैंकहरूको औसत मुद्दती निक्षेपको अधिकतम ब्याजदर ८.९३ प्रतिशत र न्यूनतम ७.६१ प्रतिशत छ । साधारण बचतको अधिकतम ब्याजदर ७.१० प्रतिशत र न्यूनतम ३.६० प्रतिशत छ । औसतमा अधिकतम ब्याजदर ६.०५ प्रतिशत र न्यूनतम ४.४३ प्रतिशत छ । सामान्यतया निक्षेपको ब्याज घट्दा त्यसको प्रत्यक्ष प्रभाव कर्जाको ब्याजमा पर्छ । किनकि निक्षेपको ब्याज घट्दा बैंकको लागत (खर्च) पनि घट्छ, यसले आधार ब्याजदर कम हुन्छ । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत बैंक दर र नीतिगत दर तथा निक्षेप संकलनको बोलकबोल दर पनि घटाएको छ । अपेक्षाअनुसार ब्याजदर नघटिरहेको भन्दै राष्ट्र बैंकलाई चौतर्फी दबाब बढेपछि समीक्षामार्फत उल्लिखित दर घटाइएको होरु। अहिले वित्तीय प्रणालीमा पर्याप्त तरलता छ । बजारमा पैसा धेरै भएपछि तरलता व्यवस्थापनका लागि भन्दै राष्ट्र बैंकले धमाधम पैसा झिकिरहेको छ । यही कारण अब कर्जाको ब्याजदर झनै घट्ने बैंकरहरूको दाबी छ ।

# पूर्वविद्यार्थीद्वारा विद्यालयलाई आर्थिक सहयोग



**रामपुर (पाल्पा),** पुस ३/पाल्पाको रामपुरस्थित रामतुलसी नमुना माध्यमिक विद्यालयलाई पूर्वविद्यार्थीले दुई लाख सहयोग गरेका छन् ।

नेपाल सरकारका पूर्व सहसचिव तथा यस विद्यालयका पूर्वविद्यार्थी एवं शिक्षक मधुसुदन पोखरेलले हजुरबुवा लोकनाथ र बुवा ज्ञानेश्वर पोखरेलको नाममा दुई लाख एक हजार एक सय ५५ बराबरको रकम सहयोग स्वरुप अक्षयकोष स्थापना गर्न विद्यालयलाई सहयोग गरेका हुन् । सो रकम विद्यालयमा अध्ययनरत असहाय छात्रवृत्ति कोषका रुपमा स्थापना गरी विद्यार्थीको पठनपाठनमा सघाउ पुग्ने उद्देश्यले सहयोग गरिएको सहयोगदाता पोखरेलले बताए । विद्यालयमा हालसम्म २० लाख ५८ हजारको रकमबाट अक्षयकोष स्थापना गरिएको प्रधानाध्यापक बालकृष्ण लम्सालले जानकारी दिए ।

विद्यालयमा स्थापित अक्षयकोष रकममध्ये दिवाकर भक्तिप्रसाद भट्टराई स्मृति अक्षयकोष र रामनाथ पौडेल स्मृति अक्षयकोषबाट सामाजिक, राजनीतिक तथा धार्मिक क्षेत्रमा योगदान पु्याउने व्यक्तिलाई सम्मान गर्ने गरिएको छ । अन्य अक्षयकोषको रकमबाट विद्यालयमा अध्ययनरत जेहेन्दार, विपन्न र असहाय विद्यार्थीलाई छात्रवृत्तिस्वरुप प्रदान गरिँदै आइएको छ । विद्यालयमा स्थापना भएका अक्षयकोषमध्येबाट हरेक वर्ष करिब एक सय विद्यार्थीलाई छात्रवृत्ति रकम प्रदान गरिँदै आएको शिक्षक लेखनाथ शर्मा मरासिनीले बताए । तीन तहमा विद्यालय चलाउने, हाल पूर्वप्राथमिक तह अन्तर्गत नर्सरीदेखि कक्षा २ सम्म दुई सय विद्यार्थी अध्ययनरत छन् । हाल विद्यालयमा करिब दुई हजार सात सय विद्यार्थी अध्ययनरत छन् । प्राविधिकतर्फ तीनवर्षे कृषिबाली विज्ञान विषयमा समेत यहाँ पठन-पाठन भइरहेको छ ।

-रासस

# एनसेल खरिद-बिक्री प्रकरण...

...एनसेलको शेयर खरिदबिक्री प्रकरण यति बेला देशभर चर्चाको विषय मात्र बनेको छैन् । सरकारको आलोचना समेत भइरहेको छ । आजियाटाले बेलायती कम्पनी स्पेक्ट्लाइट यूकेलाई आफ्नो स्वामित्व बेचेको थियो । कम्पनीमा सतिशलाल आचार्य र डेन्टन्स सेक्रेटरिजको संयुक्त स्वामित्व छ । आचार्य सिंगापुरमा बस्ने नेपाली व्यवसायी हुन् । एनसेलको बाँकी स्वामित्व आचार्यको कम्पनी सुनिभेरा क्यापिटल भेन्चरसँग छ । आजियाटा समूहले एनसेलमा रहेको आफ्नो ८० प्रतिशत सेयर बिक्री गरेर बाहिरिने निर्णय गरेपछि विषयले चर्चा पाएको हो । सोही सेयर स्पेक्ट्लाइट यूकेले ५० मिलियन अमेरिकी डलरमा खरिद गरेको हो । उक्त शेयर ६ अर्ब ६५ करोड ७० लाख रुपैयाँमा किनबेच भएको छ । एनसेलको ८० प्रतिशत सेयर १ खर्ब ४३ अर्ब रुपैयाँमा किनेर आजियाटा सन् २०१६ मा नेपाल भित्रिएको थियो । एनसेलको लाइसेन्स अवधि ६ वर्ष बाँकी छ । दूरसञ्चार ऐन, २०५३ अनुसार विदेशी कम्पनीसँग स्वामित्व रहेको दूरसञ्चार सेवा प्रदायकको लाइसेन्स अवधि २५ वर्ष पुगेपछि स्वामित्व सरकारको हुनेछ ।

## खेलकुद समाचार

# ललितपुरको पहिलो हार



**काठमाडौँ,** पुस ३/नेपाल सुपर लिग (एनएसएल) मा ललितपुर सिटीले पहिलो हार ब्यहोरेको छ । मंगलबार भएको खेलमा स्पोर्टिङ इलामले ललिपुर सिटी एफसीलाई १-० ले हराएको हो । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा इलामका लागि ५९ औं मिनेटमा फोडे कमराले गोल गरेका थिए ।

यो हारसँगै ललितपुरले शीर्ष स्थानमा उक्लिने मौका गुमाएको छ । ७ खेल खेलेको ललितपुर १० अंकसहित तेस्रो स्थानमा छ । जितसँगै प्रतियोगिता टुंग्याएको इलाम भने ८ खेलबाट ८ अंकसहित पाँचौं स्थानमा उक्लिएको छ । यद्यपि लिगमा यही स्थानमा कायम रहन्छ कि रहन्न भन्ने अरु टिमको खेलमा भर पर्छ ।

# रचिन रविन्द्र चेन्नईबाट आईपीएल खेल्ने





**काठमाडौँ,** पुस ३/न्यूजील्याण्डका युवा अलराउन्डर रचिन रविन्द्रले इण्डियन प्रिमियर लिग (आईपीएल) मा चेन्नई सुपर किंग्सबाट खेल्ने भएका छन् । मंगलबार दुबईमा जारी खेलाडी अक्सनमा चेन्नईले रविन्द्रलाई एक करोड ८० लाख भारुमा किनेको हो । न्युनतम ५० लाख भारु मुल्य रहेका रविन्द्रलाई दिल्ली क्यापिटल्स, पञ्जाव किंग्सले चासो देखाएपनि अन्ततः चेन्नईले बाजी मारेको थियो ।

भारतीय मुलका रविन्द्रले हालै सम्पन्न एकदिवसीय क्रिकेट विश्वकपमा शानदार प्रदर्शन गरेर सबैलाई प्रभावित पारेका थिए । त्यस्तै जारी खेलाडी अक्सनमा चेन्नईले भारतीय बलर श्रदुल ठाकुरलाई ४ करोडमा किनेको छ । त्यस्तै अफगानिस्तानका अजमातुल्लाह ओमरजाईलाई गुजरात टाइटन्सले ५० लाख भारुमा किनेको छ । त्यसैगरी सनराइजर्स हैदरावादले श्रीलंकाका वानिन्दु हसरंगालाई १.५ करोड भारुमा किनेको छ भने विश्वकपमा शानदार प्रदर्शन गरेर अस्ट्रेलियालाई विश्वकप जिताएका ट्राभिस हेडलाई सनराइजर्स हैदरावादले ६.८ करोड भारुमा किनेको छ । त्यस्तै इङ्ल्याण्डका विस्फोटक ब्याट्सम्यान ह्यारी ब्रुकलाई दिल्ली क्यापिटल्सले ४ करोड भारुमा किनेको छ भने वेस्टइन्डिजका रोभमन पावेललाई ५.४ करोड मा राजस्थान रोयल्सले किनेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा निरन्तर उकालो



**पाल्पा,** पुस ३/चालु साताको तेस्रो कारोबार दिन मंगलबार पनि शेयर बजार बढेर हरियाली भएको छ । सेयर बजार निरन्तर बढ्नेक्रम जारी छ । शेयर बजार परिसूचक नेप्से ४५ दशमलव ९८ अंकले बढेर दुई हजार एक सय छ दशमलव ४८ विन्दुमा पुगेको छ ।

यो वृद्धिदर २.२३ प्रतिशत हो । यसअघि साताको पहिलो कारोबार दिन आइतबार नेप्से २८ अंक र दोस्रो दिन सोमबार ३८.१४ अंकले बढेको थियो । सेन्सेटिभ इण्डेक्स ७.०५ अंकले बढेर ३ सय ९७ दशमलव ६९ विन्दुमा कायम भएको छ । यसदिन ३ सय १३ स्क्रिप्टको १ करोड ६४ लाख ५७ हजार १ सय ३८ कित्ता सेयर ५ अर्ब ९८ करोड ४६ लाख ९९ हजार १ सय ७५ रुपैयाँमा खरिदबिक्री भए । कारोबार रकम भने सोमबारको तुलनामा कम हो । सोमबार ६ अर्ब ८६ करोड ८१ लाख ७७ हजार ५ सय ६५ रुपैयाँको सेयर कारोबार भएको थियो । तेस्रो दिन करिब एक दर्जन कम्पनीको मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भयो । बोटलर्स नेपाल, मेरो माइक्रोफाइनान्स वित्तीय संस्था,उन्नति सहकारी लघुवित्त, शिवम् सिमेन्ट, नेपाल रिपब्लिक मिडिया, घोराही सिमेन्ट, हाथवे इन्भेस्टमेन्ट,मिड सोल हाइड्रोपावर, सोनापुर मिनरल्सलगायत ११ कम्पनीको मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो । यसदिन सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथको लगानीकर्ताले भने गुमाए ।

सो कम्पनीको सेयर ७.२७ प्रतिशतले घट्दा माथिल्लो मैलुङ खोला जलविद्युतको ४.९०,प्रभु बैंक डिवेन्चर २ हजार ८७ को ३ दशमलव ८३, सानिमा डिवेन्चर २ हजार ८७ को ३ दशमलव ७८ र पिपुल्स पावरको ३ दशमलव १९ प्रतिशतले सेयर मूल्य घट्यो । ३७ करोड बढी मूल्यको कारोबार गरी शिवम् सिमेन्ट शीर्षस्थानमा रह्यो । यसैगरी सोल्टी होटलको २८ करोड,सोनापुर मिनरल्सको १६ करोड,हाथवेको १४ करोड र ग्रोथ सिमेन्टको १३ करोड बढीको सेयर कारोबार भयो । १३ वटै उपसमूहका सूचकमा हरियाली छाएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई